विधेयक संख्याः

# प्रदेश खेलकुद विकास ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक

२०८१

बागमती प्रदेश सभा सचिवालय

हेटौंडा, नेपाल

बागमती प्रदेश, नेपाल
युवा तथा खेलकुद मन्त्रालय
हेटौंडा, नेपाल

## उद्देश्य र कारण

बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०२/०२ गतेको निर्णयबाट प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० को अनुसूचीमा हेरफेर भई साबिकको सामाजिक विकास मन्त्रालय अन्तर्गतको युवा तथा खेलकुदसम्बन्धी कार्य जिम्मेवारी सहित नयाँ मन्त्रालयको रूपमा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको। प्रदेश खेलकुद विकास ऐन, २०७५ को दफा २ को खण्ड (छ) मा मन्त्रालय भन्नाले सामाजिक विकास मन्त्रालय भन्ने परिभाषा रहेको। सोही ऐनको दफा ३ मा प्रदेश खेलकुद विकास परिषद्को गठन सम्बन्धी व्यवस्था रहेकोमा उक्त दफाको उपदफा (२) को खण्ड (क) मा सामाजिक विकास मन्त्री परिषद्को अध्यक्ष रहने र खण्ड (ग) मा सामाजिक विकास मन्त्रालयको सचिव सदस्य रहने गरी भएको व्यवस्था र दफा ३१ मा प्रदेश खेलकुद विकास परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा सामाजिक विकास मन्त्रालय मार्फत् राख्नु पर्ने सम्बन्धी व्यवस्थालाई संशोधन गर्न आवश्यक भएकोले प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्नु परेको छ ।

मीन कृष्ण महर्जन
मन्त्री, युवा तथा खेलकुद मन्त्रालय

मा. मीनकृष्ण महर्जन
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय

बागमती प्रदेश, नेपाल
युवा तथा खेलकुद मन्त्रालय
हेटौंडा, नेपाल

## आर्थिक टिप्पणी

प्रदेश खेलकुद विकास ऐन, २०७५ को दफा २ को खण्ड (छ) मा मन्त्रालय भन्नाले खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ। सोही ऐनको दफा ३ मा प्रदेश खेलकुद विकास परिषद्को गठन सम्बन्धी व्यवस्था रहेकोमा उक्त दफाको उपदफा (२) को खण्ड (क) मा युवा तथा खेलकुद मन्त्री परिषद्को अध्यक्ष रहने र खण्ड (ग) मा युवा तथा खेलकुद मन्त्रालयको सचिव सदस्य रहने गरी भएको व्यवस्था र दफा ३१ मा प्रदेश खेलकुद विकास परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा युवा तथा खेलकुद मन्त्रालय मार्फत् राख्नु पर्ने सम्बन्धी व्यवस्था प्रस्तावित गरिएको हुँदा सो व्यवस्था कार्यान्वयनबाट बागमती प्रदेश सरकारलाई थप आर्थिक दायित्व नपर्ने देखिन्छ ।

मीन कृष्ण महर्जन
मन्त्री, युवा तथा खेलकुद मन्त्रालय

मा. मीनकृष्ण महर्जन
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय

बागमती प्रदेश, नेपाल
युवा तथा खेलकुद मन्त्रालय
हेटौंडा, नेपाल

<u>प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी</u>

प्रदेश खेलकुद विकास ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयकमा प्रत्यायोजित व्यवस्थापन सम्बन्धी कुनैपनि अधिकार उल्लेख नभएको ।

मीन कृष्ण महर्जन
मन्त्री, युवा तथा खेलकुद मन्त्रालय

मा. मीनकृष्ण महर्जन
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय

# <u>प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना</u>: प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "प्रदेश खेलकुद विकास (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>प्रदेश खेलकुद विकास ऐन, २०७५ को दफा २ मा संशोधन</u>: प्रदेश खेलकुद विकास ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

(छ) "मन्त्रालय" भन्नाले खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

३. <u>मूल ऐनको दफा ३ मा संशोधन</u>: दफा ३ को उपदफा (२) को खण्ड (क) र खण्ड (ग) मा रहेको "सामाजिक विकास" भन्ने शब्दहरुको सट्टा "खेलकुद सम्बन्धी विषय हेर्ने" भन्ने शब्दहरु राखिएको छ।

४. <u>मूल ऐनको दफा ३१ मा संशोधन</u>: मूल ऐनको दफा ३१ को सट्टा देहायको दफा ३१ राखिएको छः-

"३१. <u>प्रदेश सरकारसँग सम्पर्क</u>: परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय मार्फत राख्नु पर्नेछ।"

मा. मीनकृष्ण महर्जन
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय

बागमती प्रदेश, नेपाल
युवा तथा खेलकुद मन्त्रालय
हेटौंडा, नेपाल

## तीन महले

| क्र.सं. | दफा | उपदफा | खण्ड | संशोधनको व्यहोरा | साविक | कारण र औचित्य |
|---|---|---|---|---|---|---|
| १ | २ | छ | - | "मन्त्रालय भन्नाले खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।" | "मन्त्रालय भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।" | युवा तथा खेलकुद सम्बन्धी विषय हेर्ने गरी युवा तथा खेलकुद मन्त्रालय स्थापना भएको। |
| २ | ३ | २ | क | "खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्री अध्यक्ष" | "सामाजिक विकास मन्त्री अध्यक्ष" | युवा तथा खेलकुद सम्बन्धी विषय हेर्ने गरी युवा तथा खेलकुद मन्त्रालय स्थापना भएको। |
| ३ | ३ | २ | ग | "सचिव, खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय सदस्य" | "सचिव, सामाजिक विकास मन्त्रालय सदस्य" | युवा तथा खेलकुद सम्बन्धी विषय हेर्ने गरी युवा तथा खेलकुद मन्त्रालय स्थापना भएको। |
| ४ | ३१ | - | - | "प्रदेश सरकारसंग सम्पर्क: परिषद्ले प्रदेश सरकारसंग सम्पर्क राख्दा खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय मार्फत राखु पर्नेछ।" | "प्रदेश सरकारसंग सम्पर्क: परिषद्ले प्रदेश सरकारसंग सम्पर्क राख्दा सामाजिक विकास मन्त्रालय मार्फत राखु पर्नेछ।" | युवा तथा खेलकुद सम्बन्धी विषय हेर्ने गरी युवा तथा खेलकुद मन्त्रालय स्थापना भएको। |

मा. मीनकृष्ण महर्जन
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय